रिब्दीकोट गाउँपालिका
# गाउँकार्यपालिकाको कार्यालय
खस्यौली, पाल्पा
५ नं. प्रदेश

०७५६२००५५,०७५६९२३०७
Email: info@ribdikotmun.gov.np
website: www.ribdikotmun.gov.np

प.सं.:– ०७६ /०७७
च.न. ६८४

मिति :–२०७६/१०/०६

श्री वडा कार्यालयहरु सबै,
रिब्दीकोट गाउँपालिका, पाल्पा।

बिषय : बिवरण पठाउनु हुन।

प्रस्तुत बिषयमा राष्ट्रिय बालअधिकार परिषद पुल्चोक ललितपुरको च.नं. ३५६ मिति२०७६/०९/०९ को पत्र र सामाजिक बिकास मन्त्रालय प्रदेश नं. ५ , बुटवलको च. नं. १७३९ मिति २०७६/१०/०७ को पत्रबाट यस गाउँपालिका अन्तर्गतका दुवै बाबुआमाको मृत्यु भएका बालवालिकाको तथ्यांक माग भई आएकोले संलग्न फारमको ढाँचामा प्रत्येक बाबुआमाबिहिन बालबालिकाको लागि छुट्टाछुट्टै फारममा विवरण भरी २०७६ साल माघ महिनाको १५ गते भित्र अनिवार्यरुपमा यस कार्यालयमा पठाउनु हुन अनुरोध छ।

१०।८

(मणि प्रसाद खनाल)
निमित्त प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

## सूचना सङ्कलन तथा व्यवस्थापन फारम
# अनाथ बालबालिकाको सुनिश्चित भविष्यका लागि

## क. पृष्ठभूमि

१. संयुक्त राष्ट्रसंघको बाल अधिकारसम्बन्धी महासन्धि, १९८९ को धारा २० मा आमाबाबुविहीन तथा अनाथ बालबालिकाको संरक्षण हुने व्यवस्था गर्नु राज्यको जिम्मेवारी हुने व्यवस्था रहेको छ । नेपालको संविधान, २०७२ मा विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको संरक्षण राज्यले गर्ने भन्ने व्यवस्था भएको छ । यसैगरी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले अनाथ बालबालिका तथा अन्य कारणले जोखिममा रहेका बालबालिकाको व्यवस्थापनको अख्तियारी स्थानीय सरकारलाई दिइएको छ भने बालबालिकासम्बन्धी ऐन, २०७५ मा पनि अनाथ बालबालिकाको संरक्षणको व्यवस्था भएको छ । आमाबाबु दुवैविहीन वा आमाबाबु दुवै हुँदाहुँदै पनि शारीरिक वा मानसिक कारणले आफ्ना बालबालिकाको लालनपालन गर्न असमर्थ भएका एवम् आमाबाबुमध्ये कुनै एकमात्र जीवित भए पनि बालबालिकाको लालनपालन गर्न समस्या भएका बालबालिकालाई मूलतः राज्य संयन्त्रबाट लालनपालन तथा संरक्षणको जिम्मेवारी लिनु बाल अधिकार एवम् मानव अधिकारको दृष्टिकोणबाट आवश्यक हुन्छ ।

२. यस सम्बन्धमा प्रत्येक पालिका, प्रदेश र देशभरबाट बाबुआमाविहीन तथा राज्यबाट विशेष संरक्षण प्रदान गर्नुपर्ने बालबालिकाको सूचना सङ्कलन गरी अध्यावधिक गर्नुपर्ने आवश्यकता रहेको छ। उक्त बमोजिमको सूचनाको आधारमा राज्य संयन्त्रबाट (स्थानीय तह, प्रदेश तह र संघीय तह) बाबुआमाविहीन तथा राज्यबाट विशेष संरक्षण प्रदान गर्नुपर्ने बालबालिकाका लागि आवश्यक संरक्षण सहयोगको व्यवस्था गरी राज्यबाट त्यस्ता बालबालिकाको अभिभावकत्व ग्रहण गर्ने सोच रहेको छ । यसबाट उक्त बालबालिकाको आधारभूत आवश्यकता परिपूर्ति भई उनीहरुको व्यक्तित्व विकासमा योगदान पुऱ्याउने र बाल अधिकार प्रत्याभूत गर्ने उद्देश्य लिइएको छ ।

३. यस उद्देश्य अनुरुप सूचनामूलक ढङ्गबाट नीति तथा कार्यक्रमको तर्जुमा गरी कार्यान्वयनको कार्य प्रभावकारी बनाउन संलग्न फारम अनुसार प्रत्येक पालिकाबाट सूचना सङ्कलन गर्न लागिएको छ । **त्यसैले प्रत्येक पालिकालाई संलग्न फारम अनुसारको सूचना सङ्कलन गरी सम्बन्धित प्रदेशको सामाजिक विकास मन्त्रालय र राष्ट्रिय बाल अधिकार परिषद्मा २०७६ साल माघ महिनाको मसान्तसम्ममा पठाई सहयोग गरी दिनुहुन अनुरोध गरिन्छ ।**

## सूचना संकलन फारमको नमुना

## (प्रत्येक बाबुआमाविहीन बालबालिकाको लागि)

१. प्रदेश: .................. २. जिल्ला: .................. ३. पालिका: ...................... ४. वडा नं: ........

५. गाउँ/टोल/बस्ती: ...............

६. बालबालिकाको नाम: ....................... ७. थर: ....................... ८. बालक/बालिका: ............

९. जन्म मिति: .................... १०. बाबु बितेको वर्ष: .............. ११. आमा बितेको वर्ष: .................

१२. बाबुतिरको नातेदार को को छन् ....................................

१३. आमातिरको नजिकको नातेदार को को छन् ........................................

१४. हाल को सँग बसिरहेको ?: व्यक्ति .................. वा संस्था.....................

१५. अध्ययन गरिरहेको विद्यालयको नाम: ...............................१६. पढीरहेको कक्षा: .................

१७. विद्यालय नगएको भए हाल के गरिरहेको ..........................

१८. कुनै अपाङ्गता छ? .................... १९. छ भने कुन किसिमको .............

२०. परिवार वा आफन्तमा नबसिरहेको भए हाल कहाँ ...............

२१. सम्पर्क फोन नं ...................................

**नोट: प्रत्येक पालिकाले वडामार्फत उपयुक्त तथ्याङ्क यथाशक्य चाँडो सङ्कलन गर्ने व्यवस्था हुन आवश्यक रहेको।**